# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, फागुन २८ गते, २०७६ साल (अतिरिक्ताङ्क ५९

## भाग २

### प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।११।१९ मा स्वीकृत भएको "साझेदारी नियमावली, २०७६" सर्व साधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### साझेदारी नियमावली, २०७६

साझेदारी ऐन, २०७६ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, प्रदेश नं. ५ ले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यी नियमहरुको नाम "साझेदारी नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**ः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा, -

(क) "**ऐन**" भन्नाले साझेदारी ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "**निर्देशनालय**" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ ।

(ग) "**मन्त्रालय**" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(घ) "**सम्बन्धित निकाय**" भन्नाले निर्देशनालयलाई सम्झनु पर्छ ।

३. **<u>साझेदारी फर्म दर्ता गर्न दरखास्त दिनुपर्नेः</u>** (१) साझेदारी फर्म दर्ता गर्न चाहने साझेदारहरुले सम्बन्धित निकायमा एकसय रुपैयाँ दरखास्त दस्तुर सहित वाणिज्य सम्बन्धी साझेदारी फर्मको हकमा अनुसूची-१ (क) बमोजिमको ढाँचामा र उद्योग सम्बन्धी साझेदारी फर्मको हकमा अनुसूची-१ (ख) बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) साझेदारी फर्म दर्ता गर्न चाहने साझेदारहरुले फर्म दर्ता गर्न दरखास्त दिंदा ऐनको दफा ७ को उपदफा (१) बमोजिमको विवरण, कागजात र सम्बन्धित निकायले तोकेका अन्य कागजात पेश गर्नु पर्नेछ ।

४. **<u>फर्म दर्ता दस्तुरः</u>** (१) देहायको पूँजी भएको साझेदारी फर्म दर्ता गर्दा देहाय बमोजिमको दर्ता दस्तुर लाग्नेछ :-

(क) पाँचलाख रुपैंयाँसम्म - एकहजार रुपैयाँ ।

(ख) पाँचलाख रुपैयाँ भन्दा बढी बीसलाख रुपैयाँसम्म - पाँचहजार रुपैयाँ ।

(ग) बीसलाख रुपैयाँ भन्दा बढी पचासलाख रुपैयाँसम्म - पन्ध्रहजार रुपैयाँ ।

(घ) पचासलाख रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि - पच्चीसहजार रुपैयाँ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको कुनै व्यक्ति साझेदार भएमा उपनियम (१) मा उल्लेखित दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

(३) अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिले उपनियम (२) बमोजिमको सुविधाको लागि आधिकारिक निकायबाट जारी गरिएको अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्ति पहिचान हुने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

५. **<u>साझेदारी फर्मको दर्ताः</u>** (१) नियम ३ बमोजिम साझेदारी फर्म दर्ता गर्न दरखास्त परेपछि सम्बन्धित निकायले आवश्यक जाँचबुझ गरी साझेदारी फर्म दर्ता गर्न मनासिब देखेमा वाणिज्य सम्बन्धी फर्म भए अनुसूची-२ (क) बमोजिमको दर्ता किताबमा र उद्योग सम्बन्धी फर्म भए अनुसूची-२ (ख) बमोजिमको दर्ता किताबमा दर्ता गरी वाणिज्य सम्बन्धी फर्म भए अनुसूची-

३ (क) र उद्योग सम्बन्धी फर्म भए अनुसूची-३ (ख) बमोजिमको प्रमाणपत्र दरखास्तवालालाई दिनु पर्नेछ ।

(२) सम्बन्धित निकायले निश्चित हदसम्म पूँजी भएको फर्म दर्ता गर्ने, नवीकरण गर्ने, अभिलेखिकरण गर्ने, खारेज गर्ने लगायतका अधिकार आफू मातहतको कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) सम्बन्धित निकायले फर्मको उद्देश्य र कारोबारका आधारमा साझेदारी फर्म सम्बन्धी आवश्यक मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

६. <u>**फर्मको नवीकरण :**</u> (१) साझेदारी फर्म नवीकरण गराउन चाहने साझेदारले ऐनको दफा १३ को उपदफा (१) बमोजिमको अवधि भित्र देहाय बमोजिमको कागजात संलग्न गरी एक सय रुपैयाँ दरखास्त दस्तुर सहित सम्बन्धित निकायमा अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) बिस लाख रुपैयाँ वा सो भन्दा कम कारोबार गर्ने साझेदारी फर्मको हकमा अनुसूची-५ बमोजिमको आर्थिक विवरण,

(घ) बिस लाख रुपैयाँ भन्दा बढी कारोबार गर्ने साझेदारी फर्मको हकमा अनुसूची-५ बमोजिमको आर्थिक विवरण र गत वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको कर तिरेको प्रमाणपत्र ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित निकायले नियम ४ बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको दश प्रतिशत दस्तुर लिई त्यस्तो साझेदारी फर्म नवीकरण गरिदिनु पर्नेछ।

(३) ऐनको दफा १३ को उपदफा (६) बमोजिम एकै पटक पाँच वर्षसम्म नवीकरण गराउन चाहने साझेदारी फर्म नवीकरण गर्दा उपनियम (२) बमोजिम पाँच वर्षका लागि लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

७. **<u>नवीकरण सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) ऐनको दफा १३ को उपदफा (११) आकर्षित हुने साझेदारी फर्मको हकमा त्यस्ता फर्म एक पटकको लागि ऐन प्रारम्भ भएको एक वर्ष भित्र अनुसूची-४ बमोजिमको ढाँचामा फर्म नवीकरण गर्नका लागि एकसय रुपैयाँ दरखास्त दस्तुर सहित सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नवीकरणका लागि दरखास्त परेमा सम्बन्धित निकायले यो नियम प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम नवीकरण गराउन तोकिएको दस्तुर र जरिवाना लिई नवीकरण गरिदिनु पर्नेछ ।

८. **<u>दर्ता अभिलेखिकरणः</u>** (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएका फर्मले दर्ता अभिलेखिकरण गर्न ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र अनुसूची-६ बमोजिमको ढाँचामा सम्बन्धित निकाय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम अभिलेखिकरण गर्न दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो फर्मको सात दिन भित्र दर्ता अभिलेखिकरण गरी जानकारी गराउनु पर्नेछ ।

९. **<u>सम्बन्धित निकायमा विवरण पेश गर्नु पर्नेः</u>** (१) ऐनको दफा १४ बमोजिम सझेदारी फर्मले प्रत्येक वर्ष आर्थिक विवरण र लेखा परीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लखिएको भए तापनि बीस लाख वा सो भन्दा कम कारोबार गर्ने साझेदारी फर्मले सम्बन्धित निकायमा अनुसूची-५ बमोजिमको आर्थिक विवरण मात्र पेश गरे हुनेछ ।

(३) ऐनको दफा १३ को उपदफा (६) बमोजिम नवीकरण भएका साझेदारी फर्महरुले ऐनको दफा १३ को उपदफा (५) बमोजिमको विवरण आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

१०. **<u>विवाद समाधानको कार्यविधीः</u>** (१) ऐनको दफा ५४ बमोजिम विवाद परेमा सम्बन्धित निकायले दुवै पक्षलाई राखि छलफल गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको छलफल पछि सम्बन्धित निकायले दुवै पक्षलाई मेलमिलापको लागि बढिमा छ महिना सम्मको समय दिनेछ।

(३) उपनियम (२) बमोजिमको समय भित्र मेलमिलाप हुन नसकेमा दुवै पक्षबाट पेश भएका प्रमाणको आधारमा सम्बन्धित निकायले उपयुक्त आदेश दिन सक्नेछ ।

११. **<u>खारेजीको लागि निवेदन दिनुपर्नेः</u>** (१) ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम साझेदारहरुले मनासिब कारण देखाई फर्म खारेज

गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित फर्म खारेजीको लागि सम्बन्धित निकायमा अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फर्म खारेजीको लागि निवेदन परेमा सम्बन्धित निकायले खारेज गर्नु अघि सम्मको सम्पूर्ण बाँकी बक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो साझेदारी फर्मले तिर्न बुझाउन बाँकी रहेको कानून बमोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजबाट असूल गरी साझेदारी फर्म खारेज गरी दर्ता किताबबाट लगत कट्टा गर्नु पर्नेछ ।

१२. **अनुगमन सम्बन्धी व्यवस्था:** मन्त्रालय र मातहतका निकायले समय समयमा ऐन र यस नियमावली बमोजिम दर्ता एवं सञ्चालन भएका साझेदारी फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

१३. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

## अनुसूची -१ (क)

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**वाणिज्य सम्बन्धी साझेदारी फर्म दर्ताको निमित्त दिने दरखास्तको ढाँचा**

श्री ..........................................

.................................................. ।

महोदय,

हामीहरुले साझेदारी फर्म खोली तपसिलमा लेखिए बमोजिमको व्यवसाय चलाउन मञ्जुर गरेकोले मञ्जुरीको कागज समेत राखी निवेदन गर्न आएका छौं । लाग्ने दस्तुर लिई तल लेखिएको नामको फर्म हामीहरुका नाममा दर्ता गरी पाऊँ । लेखिएको कुरामा कुनै कुरा झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

तपसिल

१. कूल पूँजी

२. साझेदारहरुको हिस्साको अङ्क

३. साझेदारहरुको तीन पुस्ता नाम, थर र वतन

निवेदक,

.................................

दरखास्तवालाको सहीछाप

## अनुसूची -१ (ख)

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## उद्योग सम्बन्धी साझेदारी फर्म दर्ताको निमित्त दिने दरखास्तको ढाँचा

श्री ...............................................

.....................................................।

महोदय,

हामीहरुले साझेदारी फर्म खोली तपसिलमा लेखिए बमोजिमको व्यवसाय चलाउन मञ्जुर गरेकोले मञ्जुरीको कागज समेत राखी निवेदन गर्न आएका छौं । लाग्ने दस्तुर लिई तल लेखिएको नामको फर्म हामीहरुका नाममा दर्ता गरी पाऊँ । लेखिएको कुरामा कुनै कुरा झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

तपसिल

१. कूल पूँजी
२. साझेदारहरुको हिस्साको अङ्क
३. साझेदारहरुको तीन पुस्ता नाम, थर र वतन
४. स्थिर पूँजी
५. चालु पूँजी
६. उत्पादन क्षमता
७. विद्युत शक्ति

निवेदक,

................................

दरखास्तवालाको सहीछाप

# अनुसूची - २ (क)

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## वाणिज्य सम्बन्धी साझेदारी फर्मको दर्ता किताब

| सि.न. | दर्ता नं. र मिति | फर्मको नाम ठेगाना | फर्मका साझेदारहरुको नामथर / ठेगाना | सम्पर्क नं. | फर्मको उद्देश्य | फाइल नं. | फर्ममा लगाउने कूल पूँजी रकम रू | स्थायी लेखा नं. | रोजगारी मपु. | प्रमाणित गर्ने अधिकारीको सहि छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची - २ (ख)

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## उद्योग सम्बन्धी साझेदारी फर्मको दर्ता किताब

| सि.न. | दर्ता नं . र मिति | फर्मको नाम ठेगाना | फर्मका साझेदारहरुको नामथर / ठेगाना | सम्पर्क नं. | फर्मको उद्देश्य | फाइल नं. | स्थिर पुँजी | चालु पूँजी | कूल पुँजी | विद्युत शक्ति | उद्यमी म.पु. | रोजगारी म.पु. | प्रमाणित गर्ने अधिकारीको सहि छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## अनुसूची - ३ (क)

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## वाणिज्य सम्बन्धी साझेदारी फर्मको दर्ताको प्रमाणपत्र ढाँचा

प्रदेश सरकार

प्रदेश नं. ५

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

....................................

वाणिज्य सम्वन्धि साझेदारी फर्म दर्ताको प्रमाणपत्र

..................फर्म यस निर्देशनालयमा/कार्यालयमा नं. ........................मा मिति ...................... मा साझेदारी ऐन, २०७६ अनुसार दर्ता भएकोले यो प्रमाणपत्र दिइएको छ ।

साझेदारको नाम :-

ठेगाना :-

फर्मको ठेगाना :-

पूँजी :-

उद्देश्य :-

....................................

मिति :- निर्देशक/कार्यालय प्रमुख

नोटः- यो प्रमाणपत्र आर्थिक वर्ष भुक्तान भएको मितिले तीन महिना भित्रमा नवीकरण गराउनु पर्नेछ।उद्देश्यमा लेखिए बाहेक यो फर्मबाट अरु काम गर्न हुँदैन । नवीकरण गराउँदा यो प्रमाणपत्र साथमा लिएर आउनु पर्नेछ । यसको नवीकरण सम्बन्धित निर्देशनालय/कार्यालयबाट हुनेछ ।

## फर्म दर्ता प्रमाणपत्रको पछाडि पट्टी

### नवीकरणको विवरण

**फर्मको नामः**

| नवीकरण गरेको मिति | नवीकरण पछि वहाल रहने मिति | बुझाएको दस्तुर रु. | रसिद नं. /भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची - ३ (ख)

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## उद्योग सम्बन्धी साझेदारी फर्मको दर्ताको प्रमाणपत्र ढाँचा

प्रदेश सरकार

प्रदेश नं. ५

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

....................................

<u>उद्योग सम्बन्धी साझेदारी फर्म दर्ताको प्रमाणपत्र</u>

.................................... फर्म यस निर्देशनालयमा नं. ....................मा मिति ............................ मा साझेदारी ऐन, २०७६ अनुसार दर्ता भएकोले यो प्रमाणपत्र दिइएको छ ।

साझेदारको नाम :-

ठेगाना :-

फर्मको ठेगाना :-

उद्योगको वर्ग :-

स्थिर पूँजी रुः- चालू पूँजी रुः- कूल पूँजी रुः-

उद्देश्य :-

वार्षिक उत्पादन क्षमता रु :-

विद्युत शक्तिः- परिमाणः-

...............................

मिति :- निर्देशक/कार्यालय प्रमुख

नोटः- यो प्रमाणपत्र आर्थिक वर्ष भुक्तान भएको मितिले तीन महिना भित्रमा नवीकरण गराउनु पर्नेछ।उद्देश्यमा लेखिए बाहेक यो फर्मबाट अरु काम गर्न हुँदैन । नवीकरण गराउँदा यो प्रमाणपत्र साथमा लिएर आउनु पर्नेछ । यसको नवीकरण सम्बन्धित निर्देशनालय/ कार्यालयबाट हुनेछ ।

## फर्म दर्ता प्रमाणपत्रको पछाडि पट्टी

## नवीकरणको विवरण

**फर्मको नामः**

| नवीकरण गरेको मिति | नवीकरण पछि वहाल रहने मिति | बुझाएको दस्तुर रु. | रसिद नं. /भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची - ४

(नियम ६ को उपनियम (१) र नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

### फर्म नवीकरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा

मिति :-

श्री .........................................

.............................................,

.............................................,

प्रदेश नं. ५,.................।

महोदय,

यस फर्मले ............................ व्यवसाय चलाउन .........................बाट मिति ........................... मा दर्ता नं. ................ को प्रमाणपत्र पाएकोले त्यसको नवीकरणकको निमित्त दरखास्त गरेका छौं । सो प्रमाणपत्र नवीकरण गरी दिन अनुरोध गर्दछौं ।

निवेदक,

.................................

साझेदारमा मुख्यको सहीछाप

(फर्मको नाम)

नोटः प्रतिनिधि पठाउँदा मुख्य साझेदारको सहीछाप हुनु पर्ने छ ।

## अनुसूची - ५

(नियम ६ को उपनियम (१) को खण्ड (ग), (घ) र नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

### आर्थिक विवरणको ढाँचा

फर्मको नाम :-

फर्मको ठेगाना :-

फर्मको स्थापना मिति :-

आर्थिक विवरण, आ.व...................

(१) गत वर्षको जिम्मेवारी

बैंक रु :- .............................

नगद रु :- ..................................

भुक्तान दिनुपर्ने रु :- ...............................

पाउनुपर्ने रु :- ............................

जिन्सि सम्पति :- ..........................................................

(२) चालु आ.व. को कारोबार रकम रु. .........................

स्रोत :- ............................................

(३) चालु आ.ब. को कूल खर्च :- ..........................................

(४) वाँकी मौज्दात :

बैंक बाँकी :- ....................................

नगद बाँकी :- ....................................

अन्य दायित्व :- ................................

उल्लेखित आर्थिक विवरण ठिक साँचो छ । फरक परेमा हामी जिम्मेवार हुनेछौं।

निवेदक

........................

साझेदारमा मुख्यको सहीछाप

(फर्मको नाम)

## अनुसूची - ६

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

## साझेदारी फर्म अभिलेखिकरण सम्बन्धी दरखास्त

मितिः २०.../ /

विषयः साझेदारी फर्म अभिलेखिकरण गरी दिनु हुन।

श्री ..................................

.................................... ।

प्रदेश नं ५,........................।

महोदय,

देहाय बमोजिमको विवरण भएको साझेदारी फर्म मिती .........................मा दर्ता भएको, पछिल्लो पटक मिति .............................. मा नवीकरण भएकाले अभिलेखिकरण गरी दिनुहुन अनुरोध गर्दछौ ।

१. फर्मको नामः-

२. फर्मको ठेगानाः-

३. फर्मको उद्देश्यः-

४. फर्मले कारोबार गर्ने वस्तु तथा सेवाको विवरणः-

८. सम्पर्क नं.

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक,

..................................

साझेदारमा मुख्यको सहीछाप

(फर्मको नाम )

## अनुसूची - ७

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

## साझेदारी फर्म खारेज सम्बन्धी निवेदन

मितिः२० / /

**विषयः साझेदारी फर्म खारेज गरिदिनुहुन।**

श्री .....................................

..........................................

प्रदेश नं ५,......................।

महोदय,

हाम्रो नाममा रहेको ...............दर्ता नं. भएको ............................ नामको साझेदारी फर्म कारणले............................................गर्दा अब देखि सञ्चालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरिदिनुहुन अनुरोध गर्दछौं साथै यस साझेदार फर्मले कहीँ कतै सरकारी बाँकी, जरिवाना वा कुनै व्यक्तिलाई तिर्न बुझाउन छैन, भएमा सरकारी बाँकी सरह बुझाउन मञ्जुर गर्दछौं ।

निवेदक,

...................................

साझेदारमा मुख्यको सहीछाप

(फर्मको नाम)

**आज्ञाले,**

**डा. श्री राधा वाग्ले**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय